**कैलाली कार्यक्रमको प्रतिबेदन**

न्यूनतम पारिश्रमिक निर्धारण समितिको आयोजनामा मिति २०७६ बैशाख १३ गते सुदूरपश्चिम प्रदेशको राजधानी धनगढीमा श्रमजिवी पत्रकार ऐन र न्यूनतम पारिश्रमिकमा पुनरावलोकन कार्यान्वयनको अवस्था र चुनौती विषय अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा कैलालीका साथै सुदूरपश्चिमका विभिन्न जिल्लाका पत्रकारहरुको सहभागिता रहेको थियो । कार्यक्रमको नेपाल पत्रकार महासंघ कैलालीले संयोजन गरेको थियो ।

कार्यक्रममा उपस्थित तपसिलका सञ्चारकर्मीहरुले विषयवस्तुका बारेमा निम्न उल्लेखित धारणा  यक्त गरेका छन ।

विपुल पोखरेल- उपाध्य ा नेपाल पत्रकार महासंघ

१) कुनै ऐन नियमका कारण सञ्चार माध्यम बन्द हुनु हुँदैन ।

२) सञ्चारमाध्यमका समस्या सम्बोधन गर्ने जिम्मा राज्यको हो ।

३) पारिश्रमिकका नाममा सञ्चारमाध्यमलाई तनाव दिने कार्य प्रति आपत्ती ।

४) सूचना प्रविधि ऐन प्रेस स्वतन्त्रतामैत्री छैन । संशोधन गरेर सदनमा लैजानु पर्छ ।

शिवराज भट्ट- अन्नपूर्ण पोष्ट सुदूरपश्चिम ब्यूरो चिफ

१) ठूला मिडियामा समेत कार्यान्वयन हुन सकेन । काठमाण्डौंमा कार्यरतलाई होला तर त्यो बाहेकलाई छैन ।

२) स्टिन्जरको पारिश्रमिक निकै कम भयो ।

हरि जोशी- प्रबन्ध निर्देशक धनगढी एफएम

१) सञ्चारमाध्यमको पीडा पनि बुझ्नुपर्ने ।

२) सञ्चारमाध्यम र पत्रकारबीच द्वन्द्व जस्तो देखियो । दुवै प ा एक ठाउँमा उभिनुपर्छ ।

३) नयाँ सञ्चारगृह खोल्ने बारेमा ठूलै बहश हुनुपर्छ ।

भोजराज जोशी- समाचार प्रमुख धनगढी एफएम

१) राष्टि य मिडियाको परिभाषा भित्र अनलाईन पर्ने कि नपर्ने ?

२) नेपाल पत्रकार महासंघ श्रमजिवीको हुनुपर्छ ।

३) काम गरेको पारिश्रमिक दिने कुरामा वेवास्ता कसैले गर्नुहुन्न ।

भरत शाह- पूर्वअध्य ा नेपाल पत्रकार महासंघ कैलाली

१) सरकारी सञ्चार माध्यमले नै कार्यान्वयन गरेका छैनन् । न्यूनतम ज्याला पनि छैन ।

२) काठमाण्डौं बाहेकका जिल्लामा कार्यरत स्टि न्जरको कुनै दर्जा छैन ।

३) सरकारी सञ्चारमाध्यमले रिपोर्टर मात्रै थप्ने गरेका छन । कति रिपोर्टर राख्ने भन्ने पनि स्पष्ट हुनुपर्‍यो ।

४) पारिश्रमिक दिन नसक्ने मिडिया बन्द गरे पनि हुन्छ ।

श्रवण देउवा-अध्य ा नेपाल प्रेस युनियन

१) निर्धारण त भयो तर भुक्तानी भयो कि भएन ? मुख्य कुरो हो ।

२) बैंक खातामा जम्मा गरेर फिर्ता माग्ने गरेको पनि सुनिन्छ ।

३) मिडिया सञ्चालकले अरु खर्चको  यवस्थापन गर्छ तर समाचारतर्फ त्यस्तो खर्च  यवस्थापन गरेको पाईदैन ।

लोकेन्द्र बिष्ट-समाचार प्रमुख एसटिएस टेलिभिजन

१) निर्धारण गरेको रकम पाउन पत्रकारले के गर्नुपर्छ भन्ने कुराको जवाफ कसैसँग छैन ।

२) सञ्चारमाध्यम खोल्दा त्यसको बजार सर्भे गर्नुपर्छ ।

मनमोहन स्वाँर-वरिष्ठ पत्रकार

१) स्टि न्जरको गुनासो सम्बोधन भएन ।

२) स्रोत साधनको उपभोग गर्न सकिएन । त्यसको वितरण समेत न्यायोचित हुन सकेन ।

३) हामी आफै गलत गरिरहेका छौ ।

मीन बम- केन्द्रिय सदस्य नेपाल पत्रकार महासंघ

१) पारिश्रमिक तोक्ने काम मात्रै भयो ।

२) जिल्लास्तरमा बहस हुन जरुरी छ ।

अर्जुन शाह- अध्य ा नेपाल पत्रकार महासंघ सुदूरपश्चिम प्रदेश समिति
१) राजपत्रमा प्रकाशित भएको कुरा कार्यान्वयन नहुनु विडम्बना नै हो ।
२) पारिश्रमिक निर्धारण कार्यान्वयनको बारे प्रदेशबाटै पनि सुरु गरौं ।

उत्तर बिष्ट- केन्द्रिय सदस्य नेपाल पत्रकार महासंघ
१) पहाडी जिल्लाका पत्रकारको अवस्था राम्रो छ । तर त्यो केही सिमित मिडियामा मात्रै छ ।
२) स्रोतको समुचित बाँडफाँड गरेर सबै मिडियाको अवस्था सुधार हुनुपर्छ ।
३) सञ्चारकर्मी बीच नै पारिश्रमिक विभेद छ । जसले न्यूनतम समेत पाएका छैनन् उसको बारेमा बोल्ने कोही छैन ।
४) सम्बन्धित जिल्लाको स्रोत त्यसै जिल्लाका मिडियाले उपभोग गर्न पाउनुपर्छ ।
५) काठमाण्डौंबाट निस्कने हरेक पत्रिका राष्टि य भन्ने सोच छ । त्यसैले विज्ञापन जति सबै तिनै पत्रिकाले मात्रै पाउने गरेका छन ।

गंगाधर पराजुली-
१) अनुगमन भैरहेको छ । सरकारी मिडियामा अझ धेरै अनुगमन भएको छ ।
२) केही निजी मिडियाले त तोकेको भन्दा बढी पारिश्रमिक दिएका छन ।
३) सबै मिडिया कार्यान्वयनको क्रममा छन । चाँडै कार्यान्वयन हुने अपे ाामा छौं ।
४) श्रमजिवीले पारिश्रमिक पाएन भनिरहेका छौं । तर हामी आफै मालिक भयो भने दिदैनौ ।

प्रतिवेदन
योगेश रावल